**संयुक्त राष्ट्रसङ्घीय**
**मानवअधिकार उच्चायुक्तको**
**कार्यालय, नेपाल**

**प्रेस विज्ञप्ति — २०६४ मङ्सिर ६**

---

## उच्चायुक्तको कार्यालयद्वारा नेकपा–माओवादीलाई सशस्त्र फौज वा सशस्त्र समूहहरूसँग सम्बन्धित नाबालकहरूको पुनःएकीकरणमा सहयोग गर्न आह्वान

भर्ना हुँदा १८ वर्षमुनिका व्यक्तिहरू स्वेच्छाले शिविर छोडेर गएपछि उनीहरूलाई नेकपा–माओवादी र सम्बद्ध सङ्गठनहरूले जनमुक्ति सेना (पीएलए) का शिविरमा फर्कन दबाब दिएको वा बाध्य पारेको सम्बन्धी विभिन्न जिल्लाबाट प्राप्त रिपोर्टहरूको बढ्दो सङ्ख्याप्रति उच्चायुक्तको कार्यालय चिन्तित छ।

१८ वर्षमुनिका नाबालकहरूलाई शिविरमा फर्कन बाध्य पार्ने वा दबाब दिने कार्यले बालबालिकाको अधिकार एवं लडाकु फौजसँग सम्बद्ध नाबालकहरूलाई तत्काल मुक्त गर्न तथा उनीहरूको पुनर्स्थापना र पुनःएकीकरणका लागि "आवश्यक र उपयुक्त सहयोग" उपलब्ध गराउन विस्तृत शान्ति सम्झौता (सम्झौता)मा नेकपा–माओवादी एवं नेपाल सरकारद्वारा गरिएको प्रतिबद्धताको उल्लङ्घन गर्दछ।

उच्चायुक्तको कार्यालयद्वारा अभिलिखित एउटा घटनामा नेकपा–माओवादीका कार्यकर्ताहरूद्वारा मई (वैशाख–जेठ)मा चितवनस्थित शिविर छोडी मकवानपुर जिल्लामा आ–आफ्नो घर फर्केका दुई नाबालकहरूलाई फर्कन बाध्य पार्न पछ्याइयो। स्थानीय गैसस तथा उच्चायुक्तको कार्यालयको सकारात्मक हस्तक्षेपका कारण ती बालिकाहरू शिविरमा फर्काइएनन्। तर मङ्सिर ३ गते नेकपा–माओवादीका कार्यकर्ताहरू ती बालिकाको घरमा फर्के र तीमध्ये एउटीलाई अपहरण गरे भने अर्की भागिन्। एक साताभित्र सुरु हुने प्रमाणीकरणका प्रक्रियाका लागि उनलाई चितवनस्थित शिविरमा लैजाने भनी नेकपा–माओवादीका कार्यकर्ताहरूले जानकारी गराउँदा प्रहरी अधिकारीहरू उनको अपहरण हुन नदिन असमर्थ वा अनिच्छुक थिए।

उच्चायुक्तको कार्यालयमा रिपोर्ट गरिएका अन्य घटनाहरूमा पनि नाबालकहरूलाई शिविर फर्कन दिइएको दबाब प्रमाणीकरणका कार्यसँगै भएका छन्।

पहिले सशस्त्र फौज वा सशस्त्र समूहहरूसँग सम्बद्ध नाबालकहरूलाई समाजमा पुनःएकीकरण गर्न कार्यरत मानवअधिकार रक्षक तथा अरू व्यक्तिलाई नेकपा–माओवादीका कार्यकर्ताहरूद्वारा धम्की दिइएकोमा पनि उच्चायुक्तको कार्यालय चिन्तित छ।

जिल्ला तथा क्षेत्रीय स्तरका अधिकृतहरूसँग उच्चायुक्तको कार्यालयले गरेको सकारात्मक हस्तक्षेपका बाबजुद नेपाल प्रहरीले नेकपा–माओवादीलाई कानुनको सम्मान गर्न विवश बनाउन अनिच्छा देखाएको छ।

> "उच्चायुक्तको कार्यालय नेकपा–माओवादीलाई सम्झौताका आफ्ना प्रतिबद्धताहरूको पालना गर्न, पुनःएकीकरणका प्रक्रिया स्वेच्छाले सुरु गरेका नाबालकहरूको अधिकारको सम्मान गर्न तथा उनीहरूलाई शिविरमा फर्कन बाध्य नपार्न आह्वान गर्दछ। नेकपा–माओवादीले अझै शिविरहरूभित्र रहेका सबै नाबालकहरू परिवार तथा सामान्य जीवनमा फर्कन सक्ने गरी उनीहरूलाई औपचारिकरूपमा मुक्त गर्ने प्रक्रियालाई पनि तीव्र बनाउनैपर्छ", उच्चायुक्तको कार्यालय–नेपालका प्रमुख रिचर्ड बेनेटले भन्नुभयो। "नेपाल प्रहरीले स्वेच्छाले समाजमा पुनःएकीकरण हुने प्रक्रिया सुरु गरिसकेका नाबालकहरूको संरक्षण गर्ने आफ्नो दायित्व पूरा गर्नु र यी नाबालकहरूको पुनःएकीकरणमा सहायता गर्न कार्यरत सङ्गठन र व्यक्तिहरूको सुरक्षा सुनिश्चित गर्नु पनि अत्यावश्यक छ।"

For further information, contact Marty Logan at mlogan@ohchr.org, Tel: (+977-1) 428 0164, Ext 321 or (+977) 98510 16922 (mobile), website: http://nepal.ohchr.org